नीति पत्र (Policy Brief)

अङ्क १०

२०७० कात्तिक

मार्टिन चौतारी
www.martinchautari.org.np

# संविधानसभाको दोस्रो निर्वाचन

## परिचय

विघटित संविधानसभाका चार प्रमुख घटकका नेतृत्वपंक्ति माझ ३० फागुन २०६९ भएको ११ बुँदे सहमतिपछि संविधानसभाको दोस्रो निर्वाचनको बाटो खुल्यो । प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा ११ सदस्यीय अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भयो र सँगै त्यसलाई सहयोग गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र पनि । पहिलो संविधानसभा विघटन भएको करिब १८ महिनापछि ४ मंसिर २०७० मा संविधानसभाको निर्वाचन गर्ने घोषणा अन्तरिम चुनावी मन्त्रिपरिषद्ले गऱ्यो ।[१] दशैंको विदा (असोज मसान्त) सम्म निर्वाचन हुने कुरामा शंका रही रहे पनि दोस्रो संविधानसभाको निर्वाचन अब सुनिश्चित देखिन्छ ।

## दलीय अडान

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) [एनेकपा माओवादी], नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) का निर्वाचन घोषणापत्रको शैली उस्तै छ । पहिलो संविधानसभा विघटनबारेका आफ्ना दृष्टिकोणबाट शुरू हुने ती घोषणापत्रमा संविधानसभामा आ-आफ्ना दलले निर्वाह गरेका भूमिका, संविधानसभामा टुंगो लागेका तथा सहमति हुन नसकेका विषयको उल्लेख पाइन्छ । मुख्य विवादित विषय : संघीयता र शासकीय स्वरूपबारे दलहरू आफ्नो पूर्व अडानबाट टसमस देखिन्नन् । एनेकपा माओवादीले पहिचान र सामर्थ्यमा आधारित ११ स्वायत्त प्रदेशको र जनताबाट प्रत्यक्ष निर्वाचित हुने कार्यकारी राष्ट्रपतिको प्रस्ताव गरेको छ । पहिचान र सामर्थ्यमै आधारित[२] ७ प्रदेश तथा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री (संसदबाट निर्वाचित हुने) को पक्षमा नेपाली काँग्रेस उभिएको छ । त्यस्तै, नेकपा एमालेले बहुपहिचानमा आधारित ७ प्रदेश र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपतिको पक्षमा आफूलाई उभ्याएको छ । काँग्रेस र एमाले दुवैले एक वर्षभित्र संविधान निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् भने एमाओवादीले सकेसम्म चाँडो

---

[१] पहिलो संविधानसभाको असफलताको विश्लेषणका लागि हेर्नुहोस्, मार्टिन चौतारीको जानकारी पत्र ८, "संविधानसभा क्षयीकरणको अन्तर्य," चैत २०६९ ।

[२] नेपाली काँग्रेस र एमाओवादी दुवैले संघीयताको आधार पहिचान र सामर्थ्य उल्लेख गरे पनि ती दलले दुइटा आधारलाई दिएको प्राथमिकता या भार भिन्न छ ।

संविधान निर्माण गर्ने वाचा गरेको छ । यी तीन ओटै दलले पछिल्लो ११ बुँदे सहमतिमा उल्लेख भए झैँ अघिल्लो संविधानसभामा सहमति भएका विषयहरूलाई स्वामित्व लिई अगाडि बढ्ने उल्लेख गरेका छन् ।

२०६४ सालको निर्वाचनको तुलनामा सबै दलका घोषणापत्र विस्तृत छन् । तर, तिनमा आर्थिक र विकासका मुद्दा तथा सरकारबारे ठूलो हिस्सा खर्चिइएको छ । संविधान निर्माणतर्फ–जसका लागि यो निर्वाचन गर्नु परेको हो–विभिन्न राजनीतिक दलले छुट्ट्याएका पाना संख्या यस्तो छ : एमाओवादीले घोषणापत्रका जम्मा ५२ पानामध्ये १६ पाना, काँग्रेसले ७१ मध्ये १३ पाना, एमालेले ३६ मध्ये ४ पाना । त्यस्तै, अघिल्लो संविधानसभा र सरकारका प्रमुख खेलाडीमध्ये रहेका मधेसकेन्द्रित दल तराई-मधेस लोकतान्त्रिक पार्टीले २३ मध्ये ३ पाना र उपेन्द्र यादव नेतृत्वको मधेसी जनाधिकार फोरम, नेपाल ले ४० मध्ये ६ पाना संविधानका विषयवस्तुमा खर्चेका छन् ।

यसरी संविधान निर्माण गर्ने र अन्य भूमिका निर्वाह गर्ने गरी संविधानसभाको परिकल्पना गरिएको भए तापनि नयाँ संविधानसभाको चुनावलाई अघिल्लो संविधानसभामा जस्तै नियमित निर्वाचनसरह बुझ्ने र व्यवहार गर्ने गरिएको पाइन्छ । अघिल्लो निर्वाचनका बेला यो कुरा अलि ग्राह्य मान्न सकिन्थ्यो किनकि त्यो समय हिंसाबाट मुलुकलाई सामान्य अवस्थातर्फ लग्ने अभिभारा र चुनौती पनि थियो । तसर्थ, संविधान निर्माण गर्न अघिल्लो संविधानसभा असफल भएको परिप्रेक्ष्यमा दलहरूका घोषणापत्रमा संविधान निर्माणको विषयले कम महत्ता पाउनु चिन्ताको विषय हो ।

## चुनावी व्यवस्था

अघिल्लो संविधानसभाको निर्वाचनमा प्रयोग गरिएकै निर्वाचन प्रणाली यस पटक पनि दोहोर्‍याइएको छ । मिश्रित निर्वाचन प्रणाली भनिएको यो प्रणालीमा पहिलो हुनेले जित्ने[३] र समानुपातिक निर्वाचन प्रणालीको मिश्रण छ । नयाँ जनगणनापश्चात् निर्वाचन क्षेत्र पुनरावलोकन गर्नुपर्ने संवैधानिक व्यवस्था भएको र २०६८ सालको जनगणनाको परिणाम बाहिर आइसकेको सन्दर्भमा निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गरिएको थियो । तर, आपसमा बाझिएका संवैधानिक प्रावधानहरूका कारण सो आयोगको गठन औचित्यपूर्ण रहेन र उक्त आयोगले पुरानै निर्वाचन क्षेत्रहरू कायम राख्ने गरी प्रतिवेदन दियो । चार दलले गरेको ११ बुँदे समझदारीमा निर्वाचन प्रणालीमा पहिलो हुनेले जित्ने र समानुपातिकको प्रतिशतमा परिवर्तन गर्न सहमत भएका थिए । तर त्यसलाई साना दलहरूले चुनौती दिए । फलतः २०६४ सालकै व्यवस्था कायम राखियो जसअनुरूप पहिलो हुनेले जित्ने (प्रत्यक्ष निर्वाचन) मा २४० सिट, समानुपातिकमा ३३५ सिट र मन्त्रिपरिषद्ले छान्ने २६ सिट गरी विगतकै जस्तो ६०१ सदस्यीय संविधानसभा बन्ने व्यवस्था भयो ।

निर्वाचन आयोगमा दर्ता भएका १३० दलमध्ये १२७ दल चुनावी प्रतिस्पर्धामा उत्रिए । प्रत्यक्ष निर्वाचनमा ६,१२८ जना र समानुपातिकमा १०,७०७ जनाले उम्मेदवारी दर्ता गरेका छन् । गत संविधानसभाका तीन प्रमुख दल एनेकपा माओवादी, नेपाली काँग्रेस र नेकपा-एमालेले प्रत्यक्ष निर्वाचनका लागि आफ्ना तर्फबाट चयन गरेका उम्मेदवारहरूलाई हेर्दा तिनले जम्माजम्मी ११ प्रतिशत मात्र महिला उम्मेदवार उठाएको देखिन्छ । यसैगरी, ती दलका उम्मेदवारको सामाजिक समूह केलाउँदा दलितको १.५ प्रतिशत, मधेसीको १६.५ प्रतिशत, नेवारको ६ प्रतिशत, अन्य जनजातिको २१ प्रतिशत र मुस्लिमको १.८ प्रतिशत देखिन्छ । महिला र दलितको तुलनामा मुख्य दलहरूबाट जनजातिहरूको उम्मेदवारीमा थोरैमात्र कमी आएको देखिन्छ । सम्भवतः उचित संख्यामा उम्मेदवारी नदिए जनजाति नेतालाई जनजाति पार्टी र आन्दोलनमा गुमाउने डरले यो समूहका उम्मेदवारको संख्या उस्तो घटेन ।[४] तर यी कुनै पनि संख्या ती सामाजिक समूहको जनसंख्याको बराबरी अनुपातमा छैनन् । संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० मा "राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ" लेखिएकाले उक्त प्रावधानलाई दलहरूले बाध्यकारी नभई सुझावात्मक रूपमा मात्र ग्रहण गरेको देखियो ।

यद्यपि, समानुपातिकतर्फ भने विभिन्न सीमान्तकृत समूह र समुदायलाई समावेश गर्नु पर्ने बाध्यात्मक प्रावधान छ । उक्त व्यवस्थाअनुसार समानुपातिक प्रणालीबाट चुनिने सदस्यमा महिला ५० प्रतिशत, दलित १३ प्रतिशत, उत्पीडित जाति/आदिवासी जनजाति ३७.८ प्रतिशत, पिछडिएको क्षेत्रबाट ४ प्रतिशत, मधेसी ३१.२ प्रतिशत र खस-आर्य समूहको ३०.२ प्रतिशत प्रतिनिधित्व हुनुपर्छ । ध्यान दिनुपर्ने कुरा के छ भने, अघिल्लो निर्वाचनमा प्रयोगमा ल्याइएको "बन्द सूची" वाला समानुपातिक प्रणाली नै यसपाली पनि प्रयोगमा ल्याइएको छ । पहिले पनि आलोचना गरिएको यो प्रणालीअन्तर्गत मतदाताले दललाई भोट त दिन

[३] अंग्रेजीमा 'फर्स्ट-पास्ट-द-पोस्ट' भनिने पहिलो हुनेले जित्ने यो निर्वाचन प्रणालीलाई सामान्य बोलीचालीमा प्रत्यक्ष निर्वाचन भन्ने गरिएको छ ।

[४] The Kathmandu Post. 2013. Parties Snub Inclusion in FPTP Vote. 7 October, p. 1.

पाउँछन् तर सूचीमा परेकालाई छान्नेमा तिनको कुनै भूमिका हुँदैन । अन्यत्र देशहरूमा प्रयोग गरिने बन्दसूचीको व्यवस्थाको विकृत स्वरूप यहाँ प्रयोगमा ल्याइएको छ । दलले पाएको मत प्रतिशतको आधारमा श्रेणीबद्ध हिसाबले निर्वाचित गरिने हुनाले अन्यत्र देशमा मतदाताले चयनलाई प्रभावित गर्न सक्छन्, जुन यहाँ सम्भव छैन ।

## चुनावी तयारी

निर्वाचन आयोगले प्राविधिक तयारी पूर्वनिर्धारित समय तालिका अनुरूप नै भएको बताएको छ । २०६४ सालको निर्वाचनमा मतदाता नामावलीको शुद्धताको प्रश्न उठेको थियो । निर्वाचन आयोगले पछिल्लो समय सञ्चालन गरेको फोटो र अन्य जानकारी सहितको नाम दर्ता गर्ने अभियान अन्तर्गत १,२१,४७,८६५ जनाको मात्रै मतदाता नामावलीमा नाम दर्ता हुन सक्यो । यसले मतदाता नामावलीको शुद्धताको मुद्दा जीवितै राख्यो । २०६८ सालको जनगणना अनुसार करिब एक करोड ६० लाख नेपालीहरूले मतदान गर्न पाउने न्यूनतम उमेर (१८ वर्ष) पूरा गरेका छन् । आयोगले चलाएका विभिन्न अभियानअन्तर्गत बहिष्कृत समुदायमा नागरिकता–नेपाली नागरिक भए नभएको पुष्टि गर्ने एकमात्र सरकारी लिखत–वितरणको कार्य पनि एउटा थियो । यो महत्त्वपूर्ण उपचारात्मक (रिमेडिएल) कार्य भए पनि पर्याप्त थिएन । विशेष गरी सीमान्तकृत समुदायले अपर्याप्त भनेर सो अभियानको आलोचना गरेका छन् । त्यसबाहेक, २२ कात्तिक २०७० मा मात्र मतदाता परिचयपत्र--त्यो पनि अस्थायी–तयार गरिएको थियो । प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले २७ कात्तिकसम्म ती परिचयपत्र जिल्लाजिल्लामा पुग्ने तथा कात्तिक मसान्तदेखि २ मंसिरसम्म र निर्वाचनको दिन पनि वितरण गर्ने बताएका थिए ।[५] तर, निर्वाचन कार्यक्रमलाई प्रभावित गर्ने गरी मोहन वैद्य नेतृत्वको नेकपा–माओवादी संलग्न ३३ दलीय मोर्चाले घोषणा गरेको यातायात हडतालले निर्वाचन कार्यक्रम र अन्य कार्यलाई प्रभावित गर्ने देखिन्छ । उदाहरणका लागि निर्वाचन प्रयोजनका लागि खटिएका कर्मचारी बन्द-हडतालका कारण इलाम जिल्लाका विभिन्न निर्वाचन केन्द्रमा तोकिएको समयमा पुग्न सकेनन् ।[६] मतदाता परिचयपत्र नपुगेको अवस्थामा सरकारी निकायबाट जारी अन्य परिचयपत्रका आधारमा पनि फोटो खिचाएका मतदाताले मतदान गर्न सक्ने जानकारी निर्वाचन आयोगले पछिल्लो समय दिएको छ ।

निर्वाचन प्रयोजनका लागि १८,५२८ मतदान केन्द्र[७] स्थापना गरिएको छ । समानुपातिक प्रणालीका लागि हल्का रातो रंगको कागजमा १,४९,५२,००० प्रति मतपत्र र त्यतिनै संख्यामा प्रत्यक्ष निर्वाचनका लागि हल्का निलो रंगको कागजमा छापिइसकेको जानकारी निर्वाचन आयोगले दिएको छ । यो संख्या मतदाता संख्याभन्दा करिब २२ प्रतिशत बढी हो । २२ कात्तिकसम्म मतपत्रहरू सबै जिल्लामा पुऱ्याइसकिएको थियो ।[८] मनोनयन दर्ता गर्न एक हप्ता ढिलाई भए पनि निर्वाचन आयोगले समयमै मतपत्रहरू छाप्न र तोकिएका स्थानमा पुऱ्याउन सक्नु सराहनीय कार्य हो । आयोगले मतदाता शिक्षा कार्यक्रम तयार गरी तिनलाई टिभी, रेडियोमार्फत प्रचारप्रसार गरेको छ । अघिल्लो निर्वाचनमा ६ प्रतिशतभन्दा बढी मत बदर भएका स्थानमा आयोगले विशेष मतदाता शिक्षा कार्यक्रम चलाएको थियो ।[९]

यद्यपि, कार्टर सेन्टरको १४ कात्तिकको एउटा रिपोर्टमा उसले सम्पर्क गरेका प्रायः जिल्ला निर्वाचन अधिकृतले मतदाता शिक्षा कार्यक्रमका सामग्री आफूहरूले नपाएको बताएका थिए ।[१०] त्यसमाथि, मतदातालाई मत हाल्न सिकाउने आयोगको ठूलोखाले पोस्टरमा समस्या भएको समाचार कात्तिक दोस्रो साता छापिएको थियो । आयोगले तयार गरेको पोस्टरमा जुन मतपत्रको नमुना छ त्यसमा जम्मा दुई कोलम देखाइएको छ जबकि वास्तविक मत्रपत्रमा ७ ओटा कोलम छन् (जुन २०६४ सालको निर्वाचनभन्दा दुई कोलम बढी हो) र केही प्रत्यक्ष निर्वाचनका मतपत्रमा चार कोलम पनि हुने देखिन्छ ।[११]

निर्वाचनलाई केन्द्रित गरी सरकारले तयार गरेको एकीकृत सुरक्षा योजनाअन्तर्गत करिब १ लाख ४० हजार सुरक्षाकर्मी परिचालन गरिनेछ, जसमा ६२ हजार सेना, ४५ हजार जनपद प्रहरी र २९ हजार सशस्त्र प्रहरी रहनेछन् ।[१२] त्यसबाहेक करिब

[५] The Himalayan Times. 2013. IDs to be Issued even on Poll Day. 10 November, p. 5.

[६] República. 2013. Govt Staff Deployed for Polls Stranded by Strike. 13 November, p. 4.

[७] मार्टिन चौतारीले निर्वाचन आयोगसम्बद्ध कर्मचारीसँग गरेको अन्तर्वार्ता; २७ कात्तिक २०७० ।

[८] मार्टिन चौतारीले अन्तर्राष्ट्रिय निर्वाचन विज्ञसँग गरेको अन्तर्वार्ता; २८ कात्तिक २०७० ।

[९] सातदेखि नौ प्रतिशत मत बदर भएका ३९ निर्वाचन क्षेत्रमध्ये ३८ ओटा मधेसमा पर्छन् । Kamat, Ram Kumar. 2013. Higher Invalid Vote Percentage Likely. *The Himalayan Times*. 26 October, p. 1.

[१०] The Carter Center. 2013. Pre-Election Statement of the International Election Observation Mission to Nepal's 2013 Constituent Assembly Election. 31 October.

[११] समाचारका अनुसार पुरानो पोस्टर प्रयोगमा ल्याइएकाले यो समस्या देखिएको हो । Kamat, Ram Kumar. 2013. Higher Invalid Vote Percentage Likely. *The Himalayan Times*. 26 October, p. 1.

[१२] Upadhyay, Akhilesh and Chetan Adhikari. 2013. Security Situation is but Stable. *The Kathmandu Post*, 8 November, p. 4.

४५ हजार म्यादी प्रहरी पनि नियुक्त गरिएको छ । नेपाली सेना र सशस्त्र प्रहरीले सुरक्षाको बाहिरी घेरो बनाउने तथा भित्री घेरो या मतदान केन्द्रमा भने नेपाल प्रहरीलाई परिचालन गर्ने योजना छ । आन्तरिक सुरक्षा योजनाले १,५६२ मतदान केन्द्रलाई अति संवेदनशील र संवेदनशील भनी छुट्ट्याएको छ ।

## आचार संहिता र अनुगमन

२०४८ सालदेखि नै निर्वाचन खर्चसम्बन्धी नियम र आचार संहिताको राम्ररी परिपालना नभएको रिपोर्टिङ हुँदै आएको छ ।[१३] सरकारी पद र सुविधाको दुरुपयोग, निर्वाचन अवधिमा कर्मचारीहरूको सरुवा र पदोन्नति, र तोकिएको सीमाभन्दा बढी निर्वाचन खर्च, आदि पुरानै मुख्य समस्या हुन् । अघिल्लो संविधानसभाको निर्वाचनमा पनि निर्वाचन खर्चको मुद्दा प्रबल रूपमा उठेको थियो । दोस्रो संविधानसभाको आचार संहिताको अवधि ७ साउन २०७० बाट शुरू भएको हो । आचार संहितामा प्रत्यक्ष निर्वाचनका उम्मेदवारको खर्चको सीमा रू. १० लाख तोकिएको छ भने समानुपातिकका उम्मेदवारको रू. ७५ हजार । आयोगले तोकेको खर्चको सीमाभन्दा एउटा उम्मेदवारले कम्तीमा तीन गुणा खर्च गर्ने देखिएको छापाले लेखेका छन् ।[१४] विगतको निर्वाचनमा पनि उम्मेदवारहरूले आफ्नो खर्चका विवरण निर्वाचन आयोगमा नबुझाएको तथा बुझाइएको विवरण र वास्तविक खर्चमा भिन्नता भएको मुद्दा उठेको थियो । निर्वाचन परिणाम घोषणा भएको ३५ दिनभित्र उम्मेदवारहरूले निजी खर्चको विवरण आयोगमा बुझाउनु पर्ने प्रावधान छ । निर्वाचन आयोगले ती विवरण कसरी जाँचबुझ गर्छ, तोकिएको सीमाभन्दा बढी खर्च गर्ने उम्मेदवारलाई कसरी कारवाही गर्छ, अनि त्यसले स्वतन्त्र र निष्पक्ष निर्वाचनबारेको मानिसहरूको धारणालाई के-कसरी प्रभाव पार्छ भन्ने कुरा प्रस्ट छैन ।

अदालतबाट गम्भीर आरोपमा दोषी प्रमाणित भएका केही उम्मेदवार (एनेकपा माओवादीका नेता बालकृष्ण ढुंगेलगायत) लाई निर्वाचन लड्नबाट प्रतिबन्ध लगाएकाले निर्वाचन आयोगको विश्वसनीयतामा केही वृद्धि भएको छ । तथापि, उम्मेदवारहरूले अनधिकृत रूपमा हेलिकप्टर चढ्ने जस्ता आचार संहिताको उल्लंघन हुँदा पनि आयोगले कुनै कारवाही नगरेकोमा उसको आलोचना गरिएको छ । आचार संहितामा कारवाहीको प्रावधान भए पनि विगतमा झैँ कसैलाई कारवाही गरिएको छैन । आचार संहितालाई कडाइका साथ परिपालना गर्न लगाउनेभन्दा पनि निर्वाचन आयोगको प्राथमिकतामा कसरी निर्वाचनलाई निर्बाध सम्पन्न गर्ने भन्ने छ ।

तीन ओटा अन्तर्राष्ट्रिय संस्था र ५४ ओटा राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षण प्रयोजनका लागि आयोगमा दर्ता भएका छन् । करिब २३५ अन्तर्राष्ट्रिय पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्ने देखिन्छ । ७४ हजार नेपाली पर्यवेक्षकले पर्यवेक्षण गर्ने गरी ती ५४ संस्थाले आयोगबाट स्वीकृति लिए पनि कति जनाले पर्यवेक्षण गर्छन् भन्ने प्रस्ट छैन किनकि निर्वाचनको एक साता अघिसम्म आयोगबाट करिब १५ हजारले मात्र निर्वाचन पर्यवेक्षण पास लिएका छन् ।[१५] विगतको निर्वाचनमा केही पर्यवेक्षक संस्थाको निष्पक्षतामाथि प्रश्न उठेको परिप्रेक्ष्यमा प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले यसपाली त्यस्ता संस्थाहरूमाथि कारवाही गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।[१६]

विगतको अनुभवबाट के देखिन्छ भने निर्वाचनमा डरधाक, धम्की, 'बुथ क्याप्चर', अर्काको नाउँमा भोट हाल्ने र धाँधली गर्ने, 'डमी' उम्मेदवार उठाउने, राज्यका स्रोत साधनहरूको दुरुपयोग गर्ने तथा राज्यको पक्षधरता जस्ता अनियमितता हुन्छन् । पूर्व कर्मचारीहरूको सरकार बनेकाले पछिल्ला दुई मुद्दाले यसपालीको निर्वाचनमा कम महत्त्व राख्ने देखिन्छ । तर, स्वतन्त्र उम्मेदवारका रूपमा 'डमी' उम्मेदवार उठाइएका समाचार पत्रपत्रिकामा आइसकेका छन् र मतदातालाई डरधाक देखाउने, धम्क्याउने र धाँधली यसपालीको निर्वाचनका प्रमुख चुनौती हुन् ।

## निर्वाचन सुरक्षा

निर्वाचन जति नजिकिँदै जान्छ, सुरक्षा जोखिम र तनाव त्यति बढ्दै जान्छ । निर्वाचन अभियानको क्रममा शुरूमै एउटा उम्मेदवारको हत्या भयो । थुप्रै नक्कली र सक्कली बमहरू देशका विभिन्न स्थानमा राखिएका समाचार आएका छन् । निर्वाचन बहिष्कार गर्ने घोषणा गरेको ३३ दलीय मोर्चासँग गरिएका वार्ताहरू असफल भएकाले बहिष्कारवादीहरूलाई निर्वाचनमा संलग्न गराउन सकिएन । शुरूमा शान्तिपूर्ण बहिष्कार हुने बताइएको थियो । पहिले घोषणा गरिएको १० दिने आम हडताललाई एक दिन (२५ कात्तिक) मा झारिए पनि निर्वाचनको दिनसम्मै नेपालभर यातायात बन्द गर्ने

[१३] नेपालमा राजनीतिक वित्तबारे थप जानकारीका लागि हेर्नुहोस्, मार्टिन चौतारीको जानकारी पत्र ६, "राजनीतिक वित्त र नागरिक अधिकार," चैत २०६८ ।

[१४] पौडेल, सुरेन्द्र । २०७० । चुनाव खर्च तीन गुना नाग्दै । *नागरिक*, २७ कात्तिक, पृ. १ र २ ।

[१५] मार्टिन चौतारीले निर्वाचन आयोगका कर्मचारीसँग गरेको अन्तर्वार्ता; २८ कात्तिक २०७० ।

[१६] हिमाल खबरपत्रिका । २०७० । 'फेरि समय मागियो भने ४ मंसिरमा चुनाव असम्भव छ ।' २० असोज, पृ. ३१-३३ ।

कार्यक्रम घोषणा गरिएको छ । बन्द केही हिंसात्मक पनि भएको छ : केही गुडिरहेका साधनमा पेट्रोल बम फ्याँकिएको छ भने सवारी साधन जलाउने र तोडफोड गरिएको छ । सरकारले बन्द सफल पार्न हिँडेकालाई पक्राउ गरेकाले बहिष्कार गर्नेहरूले गुरिल्ला रणनीति अपनाएका छन् । सरकारी कारवाही र आम जनताले बन्दको अबहेलना गरेकाले नागरिकजनलाई मतदान गर्नबाट वञ्चित गर्ने जस्ता निर्वाचन विरोधी गतिविधिको योजना भैरहेको देखाउँछ ।[१७]

यातायात हडतालको निरन्तरता र हिंसात्मक निर्वाचन बहिष्कारले मतदातामा र निर्वाचनको व्यवस्थापनमा प्रभाव पर्ने देखिन्छ । विभिन्न स्थानमा देखिएको हिंसात्मक गतिविधिले आम मतदातामा भय उत्पन्न गरेको छ भने सँगसँगै बहिष्कारवादीहरूको धम्कीले पनि मतदाता र मतदानलाई प्रभावित गर्ने देखिन्छ । यातायात हडतालले गर्दा मुलुकको विभिन्न भागमा अस्थायी बसोबास गर्ने मतदातालाई आफ्नो मतदान केन्द्रमा पुग्नमा बाधा पुऱ्याउने छ र यसले मतदान प्रतिशतमा प्रभाव पार्न सक्छ । उदाहरणका लागि दशैंका समयमा काठमाडौँ उपत्यकाबाट करिब १५ लाख मानिस चाड मनाउन आफ्ना गाउँघर फर्किएका थिए । यीमध्ये धेरै सम्भावित मतदाता पनि हुन् । जोखिम उठाएर मत हाल्न पुनः आफ्नो गाउँठाउँमा कति मानिस फर्कन्छन् अझै प्रस्ट छैन । हिंसाको क्रम शुरू हुनु पहिले (मध्य असोजमा) प्रमुख निर्वाचन आयुक्त उप्रेतीले मुलुकभरमा ८५ प्रतिशतभन्दा बढी मतदान हुने दावी गरेका थिए ।[१८]

यातायात बन्दको कार्यक्रमले गर्दा निर्वाचनको व्यवस्थापन (निर्वाचन सामग्री ढुवानी, इत्यादि) मा ठूलै चुनौती थपेको छ । नेपालको भौगोलिक अवस्थाले गर्दा सधैँ असहज हुने मतदान गर्ने बाकस र अन्य निर्वाचन सामग्रीको ढुवानीको सुरक्षा, तिनलाई सुरक्षित रूपमा जिल्लाको केन्द्रबाट गाउँका मतदान केन्द्रमा र पुनः मतगणना स्थलसम्म पुऱ्याउने कार्य मुख्य रूपले चुनौतीपूर्ण हुनेछ । कतिपय स्थानहरूमा जुन पातलो सुरक्षा व्यवस्था छ त्यसले सम्पूर्ण प्रक्रियालाई चुनौतीपूर्ण तुल्याउँछ । संविधानसभाको निर्वाचनका लागि भनेर नेपाली सेना र सशस्त्र प्रहरी बलको परिचालन गरिएकाले निर्वाचनक्रममा हुनसक्ने विभिन्न घटना र निर्वाचन हिंसाले निर्वाचनको स्वच्छता, र निष्पक्षतामा मुख्य चुनौती थप्नेछन् ।

## निष्कर्ष

निर्वाचनको सफलता र असफलता धेरै हदसम्म मतदाता र उम्मेदवारहरूले निर्वाचन प्रकृयाको विश्वसनीयतालाई कसरी ग्रहण गर्छन् र त्यसको वैधतालाई कसरी स्वीकार्छन् त्यसमा निर्भर हुन्छ । त्यसैले, मतदाता, उम्मेदवार र मतपत्र सहित सम्पूर्ण निर्वाचन प्रकृयालाई सुरक्षित, संरक्षित गर्नु जरूरी छ । पहिलो संविधानसभाको निर्वाचनमा शहरी भेगमै घुमेको र अलि टाढाका स्थानहरूमा नगएको भनेर अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यवेक्षकहरूको आलोचना गरिएको थियो । नेपालका लागि संयुक्त राष्ट्रसंघीय मिसन र राष्ट्रसंघको मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय तथा तिनका क्षेत्रीय कार्यालय नेपालबाट हटेको अवस्थामा स्वतन्त्र र बृहत् निर्वाचन अनुगमन र पर्यवेक्षण जरूरी छ । जोसुकैले निर्वाचनमा विजय हासिल गरे पनि वैद्य नेतृत्वको बहिष्कारवादी मोर्चाले निर्वाचनको वैधतालाई चुनौती दिनेछन् । यसले अघिल्लो संविधानसभामा भन्दा यसपटक 'एक्स्ट्रा सिस्टेमिक' चुनौती बढाउने छ ।

Δ

[१७] República. Baidya Alliance Mulls Anti-Poll Protests. 13 November, p. 1.

[१८] हिमाल खबरपत्रिका । २०७० । 'फेरि समय मागियो भने ४ मंसिरमा चुनाव असम्भव छ ।' २० असोज, पृ. ३१-३३ ।